# बार्षिक प्रगति विवरण तथा समिक्षा कार्यक्रम (२०७७/०७८)

“कृषि,पर्यटन र पूर्वाधार, अन्नपूर्ण समृद्धिको आधार”

## अन्नपूर्ण गाउँपालिका कास्की






प्रस्तुतकर्ता

शेषकान्त पौडेल
प्रमुख प्रशासकीय अधिकृत

# अन्नपूर्ण गाउँपालिका संक्षिप्त परिचय

- भौगोलिक रुपमा ८३⁰४२'०"E देखि ८३⁰५७'०"E पूर्व देशान्तरसम्म र २८⁰३६'४५"N देखि २८⁰१५'१५"N उत्तरी अक्षांश सम्म फैलिएको ।
- समुन्द्री सतहबाट ८३१ मिटरदेखि ८०९१ मिटरको उचाईसम्म फैलिएको यस गाउँपालिकाको कुल क्षेत्रफल ४१७.७४ वर्ग कि.मी. रहेको ।
- यस गाउँपालिकामा ११ वटा वडा रहेका छन् ।
- यस गाउँपालिकाको कुल घरधुरीसंख्या ६०२९ छ भने जनसंख्या २३४१७ रहेको छ ।
- यस गाउँपालिकाको जनघनत्व ५६.०५ व्यक्ति प्रतिबर्ग कि.मी. रहेको छ ।



# एकिकृत आर्थिक विवरण

अन्नपूर्ण गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय, कास्की**

कार्यालयको कोड : ८०१०४३९०२

प्रगति प्रतिवेदन

आ.व. : २०७७/७८

अवधी : २०७७/०४/०१-२०७८/०३/३१

| सि. नं | कार्यक्रम/आयोजना/क्रिया कलापको नाम | चालु/पुजिगत | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|---|
| १ | अन्नपूर्ण गाउपालिका | चालु | ९२९४७६६० | ६२८५५८८३ | ६७.६३ | ३००९१७७७ |
| | | पुजिगत | २३४८३४९६२ | १६१८५९२८७ | ६८.९२ | ७२९७५६७५ |
| २ | अन्नपूर्ण गाउपालिका ( शिक्षा ) | चालु | ३०००००० | १६४५३४३ | ५४.८४ | १३५४६५७ |
| | | पुजिगत | ११००००० | १०२०५४२ | ९२.७८ | ७९४५८ |
| ३ | अन्नपूर्ण गाउपालिका ( स्वास्थ्य ) | चालु | ३९००००० | २३१११३५ | ५९.२६ | १५८८८६५ |
| | | पुजिगत | ० | ० | ०.०० | ० |
| ४ | अन्नपूर्ण गाउपालिका ( कृषि ) | चालु (जन सहभागिता समेत) | ११२३०००० | ६४९४६८८ | ५७.८३ | ४७३५३१२ |
| | | पुजिगत | ६२०००० | ६२०००० | १००.०० | ० |
| ५ | संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान समेत) | चालु | २५८७२९५४० | २३११२९५८४ | ८९.३३ | २७५९९९५६ |
| | | पुजिगत | ५७४३१००० | ३४९५५१५० | ६०.८६ | २२४७५८५० |
| | जम्मा | | ६६३७९३१६२ | ५०२८९१६१२ | ७५.७६ | |

**अन्तर सरकारी अख्तियारी (संघ प्रदेश)**

| सि. नं. | कार्यक्रम/आयोजना/क्रिया कलापको नाम | चालु/पुजिगत | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | चालु | ११६८४९००० | १०८८९९९४० | ९३.२० | ७९४९०६० |
| २ | गरिबसँग विश्वेश्वर कार्यक्रम | चालु | ७७७००० | ७१७५०० | ९२.३४ | ५९५०० |
| ३ | स्थानिय पूर्वाधार विकास कार्यक्रम | चालु | १०९२३००० | १०५८५३४९ | ९६.९१ | ३३७६५१ |
| ४ | एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम | पुजिगत | ३२२००००० | ३२१८६६५५ | ९९.९६ | १३३४५ |
| ५ | सामाजिक विकास मन्त्रालय | चालु | १०००००० | १०००००० | १००.०० | ० |
| ६ | आन्तरिक मामिला तथा योजना मन्त्रालय | चालु | ४३००० | ४३००० | १००.०० | ० |
| ७ | सामाजिक विकास मन्त्रालय (संघ सशर्त अनुदान) | चालु | १००००० | १००००० | १००.०० | ० |
| ८ | सामाजिक विकास मन्त्रालय | पुजिगत | ३०००००० | २८६५६५० | ९५.५२ | १३४३५० |
| ९ | आन्तरिक मामिला तथा योजना मन्त्रालय | पुजिगत | १५००००० | १५००००० | १००.०० | ० |
| १० | शिक्षा विकास निर्देशनालय | चालु | १०००००० | १०००००० | १००.०० | ० |
| | जम्मा | | १६७३९२००० | १५८८९८०९४ | ९४.९३ | |

# आय तर्फ

| | संघीय | सरकार | प्रदेश | सरकार |
|---|---|---|---|---|
| | प्रस्तावित आय | बास्तबिक आय | प्रस्तावित आय | बास्तबिक आय |
| समानिकरण अनुदान | ९ करोड ९० लाख | ९ करोड ९० लाख | १ करोड २१ लाख | १ करोड २१ लाख |
| शसर्त अनुदान चालु | ३० करोड ६१ लाख | २६ करोड ५५ लाख | - | - |
| समपुरक अनुदान चालु | २ करोड | १ करोड १४ लाख | | |
| अन्य अनुदान चालु | ३९ लाख ८७ हजार | ३८ लाख २४ हजार | | |
| बिशेष अनुदान चालु | | | १ करोड | ४ लाख ८८ हजार |
| राजश्व बांडफांड | ८ करोड ६४लाख | ७ करोड ३७ लाख | ३३ लाख ४८ हजार | ५० लाख ३३ हजार |
| कुल जम्मा | ४२ करोड ९१ लाख | ३७ करोड ९९ लाख | २ करोड २१ लाख | १ करोड २६ लाख |

# एकमुष्ठ बजेट विवरण

| सि.न. | क्षेत्र | वजेट | खर्च | खर्च प्रतिशत |
| --- | --- | --- | --- | --- |
| १ | चालु | ५०८२९८२४८ | ४२८२९२१०४ | ८४.२६ |
| २ | पुँजिगत | ३३०६८५९६२ | २३५००७२८४ | ७१.०७ |
| | जम्मा | ८३,८९,८४,२१० | ६६,३३,२०,७७१ | ७९.०६ |
| | (नोट : अन्तर | सरकारी अख्तियारी र | प्रकोप कोष समेत ) | |

# बजेट बिनियोजन तथा खर्च विवरण



# आन्तरिक आय

| सि.न. | शिर्शक | जम्मा आय | |
|---|---|---|---|
| १ | मालपोत / भुमिकर | २२६५७७३ | |
| २ | वहाल कर | ६३८८३४.६२ | |
| ३ | व्यवसाय कर | ५१८९६०० | |
| ४ | नक्सापास दस्तुर | २०७७९४ | |
| ५ | अन्य दस्तुर | ६४६९८४ | |
| ६ | सिफारिस | २१४६३३० | |
| ७ | ब्यक्तिगत घटना दर्ता | १२५६०० | |
| ८ | नाता प्रमाणित दस्तुर | १७८४०० | |
| ९ | अन्य राजश्व | ३१२१७३ | २०७७/०७८ को संशोधित अनुमानित आम्दानीमा असुली भएको राजश्व |
| १० | परिक्षा शुल्क | २४३०० | प्रतिशत : ९९.०४ |
| ११ | जम्मा | १,१७,३५,७८८.९५ | |

# दरबन्दी पदपूर्तिको अवस्था

| | गाउँपालिका | | वडा | | |
|---|---|---|---|---|---|
| दरबन्दी | पूर्ति | रिक्त | पूर्ति | रिक्त | कुल जम्मा |
| अधिकृत स्तर | ६ | १ | - | | ७ |
| सहायक स्तर | ९ | ४ | १२ | १० | ३५ |
| **जम्मा** | **१५** | **५** | **१२** | **१०** | **४२ ( २७ पूर्ति, १५ रिक्त)** |

# आ.ब. २०७७/०७८ मा पारित ऐन नियम तथा कार्यविधि (ऐन नियम-१०,कार्यविधि-३)

- आर्थिक ऐन २०७७,बिनियोजन ऐन २०७७
- आर्थिक कार्यविधि नियमित तथा ब्यबस्थित गर्न बनेको ऐन २०७७
- पुर्वाधार ब्यबस्थापन ऐन २०७७
- बिपत जोखिम न्यूनीकरण तथा ब्यबस्थापन ऐन २०७७
- वातावरण तथा प्राकृतिक श्रोत संरक्षण ऐन २०७७
- सार्वजनिक निजि साझेदारी तथा लगानी ऐन २०७७
- स्थानीय श्रोत  साधन उपयोग तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७७
- अन्नपुर्ण गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन,२०७७
- अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम (सञ्चालन कार्यविधि) ऐन, २०७७
- ब्यबसाय दर्ता कार्यविधि २०७८
- राजश्व परामर्श समितिको बैठक ब्यबस्थापन कार्यविधि २०७८
- मेलमिलाप केन्द्र गठन सम्बन्धि कार्यविधि २०७८

# विनियोजित बजेट






# आर्थिक वर्ष २०७७/७८ को बिषयगत क्षेत्रअनुसार खर्च,प्रमुख उपलब्धि र तस्बिरहरु



# आर्थिक वर्ष २०७७/७८ को बिषयगत क्षेत्र अनुसार बजेट तथा खर्च विवरण,मुख्य उपलब्धि र झलकहरु

**खण्ड (क)**
आर्थिक बिकास

**खण्ड (ख)**
सामाजिक बिकास



**खण्ड (ग)**
पूर्वाधार बिकास

**खण्ड (घ)**
वन वातावरण तथा बिपत व्यबस्थापन

**खण्ड (ङ)**
शुसासन ,संस्थागत बिकास ,सेवा प्रवाह

# खण्ड (क)

## आर्थिक विकास

अन्नपूर्ण
गाउँपालिका

# क्षेत्रगत बजेट तथा खर्च

| सि.न. | क्षेत्र\उप क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | कृषि र पशुपालन | २,५९,५८,५४० | १५,५,८७,८१७ | ६०.०४ |
| २ | पर्यटन तथा उद्योग | २,७१,७९,५४१ | २,०५,२५,११२ | ७५.५२ |
| | **कुल जम्मा** | ५,३८,३८,०८१ | ३,६४,११,०२७ | ६७.६३ |

# आर्थिक बिकासका मुख्य उपलब्धिहरु

- अनुदानमा कृषकहरुलाई बिउ बिजन तथा कृषि औजार वितरण गरिएको
- अनुदानमा प्लाष्टिक टनेल वितरण
- आकस्मिक बालि संरक्षण कार्यक्रम,मौरीको घार वितरण कार्यक्रम
- पशु स्वास्थ्य शिबिर,प्रजनन योग्य राँगा तथा बोका वितरण
- प्रशोधन केन्द्रको लागि मेशिनरी सामान बितरण
- ब्यबसायिक पशु पालन तालिम , उन्नत घाँस वितरण ,आन्तरिक तथा बाह्य परिजीबी नियन्त्रण
- पर्यटन प्रवर्धनको लागि पदमार्ग निर्माण , ७ कि.मी. सिंढी बाटो निर्माण
- पर्यटक उद्धार केन्द्र स्थापना
- ब्यबसाय प्रवर्धन कार्यक्रम नयाँ ब्यबसाय दर्ता-१९२,नविकरण-३२२,होम स्टे दर्ता तथा नविकरण-५

# आर्थिक विकाससंग सम्बन्धित झलकहरु



गाउँपालिकाको आफ्नै नर्सरीमा कुरिलोको बेर्ना

कृषकहरुलाई बेमौसमी तरकारी तालिम



## आन्तरिक तथा बाह्य परिजीबी नियन्त्रण कार्यक्रम




### ब्यबसायिक भेडा/बाख्रा पालन








# लागत साझेदारीमा बाख्रा वितरण कार्यक्रम



कृषकहरुलाई मौरीको घार वितरण



कृषकहरुलाई घाँस वितरण





कोदोमा आत्मनिर्भर अभियान

(खाद्यबैंक स्थापना गरि ५०० मुरी कोदो भण्डारण)

# खण्ड (ख)

## सामाजिक विकास

अन्नपूर्ण
गाउँपालिका

# क्षेत्रगत बजेट तथा खर्च

| सि.न. | क्षेत्र तथा उप क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | शिक्षा | २१,७३,२९,००० | २०,१९,०२,७३७ | ९२.९ |
| २ | स्वास्थ्य | ५,१६,२२,००० | ३,०३,२१,५५६ | ५८.७४ |
| ३ | सामाजिक समावेशीकरण | २१,००,००० | ८,३३,०८८ | ३९.६७ |
| ४ | भाषा तथा संस्कृति प्रर्वधन | १७,७०,००० | १४,३३,७४० | ८१ |
| ५ | खानेपानी तथा सरसफाइ | ३,०७,००,००० | २,२०,५१,५५३ | ७१.८३ |
| ६ | सामाजिक सुरक्षा | १,६२,०२,००० | १,२४,५०,८०१ | ७६.८४ |
| जम्मा | | ३२,१०,२३,००० | २७,०१,१४,०१७ | ८४.१४ |

# कोभिड-१९ खोप कार्यक्रम

| खोप प्रकार | लगाउनेको संख्या |
|---|---|
| कोभिड शिल्ड 1st | १४८९ |
| कोभिड शिल्ड 2nd | १३८९ |
| भेरोशिल 1st | २१९५ |
| भेरोशिल 2nd | २०२२ |
| J&J | १७९३ |
| जम्मा संख्या | ५३०४ |

# सामाजिक बिकासका मुख्य उपलब्धिहरु

- बहु प्राविधिक शिक्षालय स्थापना भई पठन पाठन सुरुवात
- बिध्यालयमा कम्प्युटर ल्याब स्थापना
- कम्प्युटर इन्जिनियरिङ (९-१२)पढाई सुरुवात
- शिक्षकहरुलाई सूचना प्रविधि तालिम प्रदान
- उपाध्यक्षसंग सुत्केरी भेटघाट कार्यक्रम
- महिला शसक्तिकरण कार्यक्रम
- कोरोना बिरुद्धको खोप लगाउन योग्य एक तिहाई जनसंख्यालाई खोप प्रदान गरिएको

# सामाजिक बिकास सम्बन्धि झलकहरु




कोभिड भ्याक्सिन
लगाउंदै स्वास्थ्यकर्मी




नेपाल मास्क अभियान

# कोरोना परिक्षण तथा नेपाल  माक्स अभियान





# क्षयरोग कार्यक्रम अर्धबार्षिक समिक्षा



# बिभिन्न शैक्षिक गतिबिधि





# बिभिन्न शैक्षिक गतिबिधि





# शिक्षकहरुलाई सूचना प्रविधि सम्बन्धि तालिम







## बिद्यालय छात्रालाई स्यानिटरी प्याड वितरण कार्यक्रम

ब्यबसायिक तालिम केन्द्र पुस्तकालय




अन्नपूर्ण बहुप्राबिधिक शिक्षालय



# उपाध्यक्षसंग सुत्केरी भेटघाट कार्यक्रम






# ब्यबसाय सचेतना तथा सामाजिक शसक्तिकरण कार्यक्रम



# खण्ड (ग)

## पूर्वाधार विकास

अन्नपूर्ण
गाउँपालिका

# क्षेत्रगत बजेट तथा खर्च

| सि.न. | क्षेत्र तथा उप क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | यातायात पूर्वाधार | १५ करोड ४८ लाख | १० करोड ७४ लाख | ६९.४१ |
| २ | भवन आवास तथा सहरी विकास | ३ करोड ९३ लाख | २ करोड २६ लाख | ५७.४५ |
| ३ | जलस्रोत तथा उर्जा | १६ लाख | ७.८४ लाख | ४९ |
| ४ | सम्पदा पूर्वाधार | ४.६४ लाख | ३.५ लाख | ७५.४३ |
| जम्मा | | १९ करोड ६२ लाख | १३ करोड १२ लाख | ६६.८७ |

# पूर्वाधार बिकासका मुख्य उपलब्धिहरु

## सडक तर्फः

सडक निर्माण गर्दा पक्की ढलान निर्माण कार्यलाई गा.पा. ले अभियानको रुपमा अघि वढाएको

- विभिन्न २७ वोटा लिङ्क रोडहरु ७.५ कि.मी. वाटो ढलान गरिएको
- सोलिङ वाटो २ कि.मी. २५ मि. स्तरोन्नती गरिएको
- ग्रावेल सडक तथा नाली निर्माण ३ कि.मि. ६०० मि.
- ८७ वटा विभिन्न सिडि वाटो ७ कि. मि. ७५ मि. निर्माण
- नयाँ ट्र्याक ओपन १५ कि. मि. ३० मि.
- गा.पा. भित्रको जम्मा सडक २५८.४१ कि.मि. (कालो पत्र हाईवे २५.७७ कि.मि.)

# खानेपानी तर्फ

खानेपानीमा एक घर एक धारा कार्यक्रमलाई अभियानका रुपमा संचालन गरिएको

- सम्पन्न खानेपानी योजना ३१ वटा
- निर्माण सम्पन्न एक घर एक धारा ४२१
- Intake निर्माण २० वटा
- Collection Chamber र BPT निर्माण २६ वटा
- Reservior Tank २५ वटा
- हाल सम्म ४६५३ घरहरुमा एक घर एक धारा सम्पन्न
- वृहद लान्द्रुक खानेपानी योजना वडा नं १ देखि ७ को लागि केन्द्रिय आयोजना स्वीकृत भई काम सुरुवात ।

# पर्यटन तर्फ

- गुम्बा, मठ-मन्दिर, पर्यटकीय गन्तव्यहरु २० वटा
- सिँचाई कुलो तथा ढल निकास १६ वटा
- चौतारा,पौखरी ५ वटा
- वडा नं. ५ को झोवाङ्मा शितल गुफा पर्यटकीय पूर्वाधार
- नागडाडा पर्यटकीय भ्यूटावर निर्माण

पदमार्ग तर्फ मुख्य :

- घान्द्रुक-टाढापानी- दोबाटो- मुल्डे हुदै हिडनलेक- छोमङ्ग पदमार्ग निर्माण
- छात्छारे सिर्जना मा.बि. हुँदै कुँडहरी पदमार्ग निर्माण
- ढावा देखि एकले सल्ला सम्म पदमार्ग निर्माण
- उल्लेरी देखि नागेठाटि पदमार्ग निर्माण
- गुरुङ हिल देखि हिडन लेक पदमार्ग निर्माण
- गुरुङ हिल

# भवन निर्माण तर्फ

- सबै वडामा कुल २१ वटा भवन निर्माण सम्पन्न (आमा समूह युवा क्लब भवन,सहकारी भवन,क्रियाकर्म भवन,आधारभूत स्वास्थ्य सेवा केन्द्र,बिद्‍यालय भवन)
- ६ वटा वडा कार्यालय भवन निर्माण सम्पन्न ,बाँकी वडामा अन्तिम चरणमा
- गाउँपालिका क्षेत्र भित्रका घरहरुको अभिलेखीकरण गरी घर नक्सापास शुरुवात गरिएको ।

# पूर्वाधार विकास सम्बन्धि झलकहरु

झोलुंगे पुल निर्माण



गाउँपालिकाद्वारा निर्मित ढलान बाटो



# पदमार्ग निर्माण





# निर्माण सम्पन्न सिंढी बाटो





# प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत निर्माण सम्पन्न बाटो






# ६ वटा वडा कार्यालय भवन निर्माण सम्पन्न,बाँकी निर्माणको अन्तिम चरणमा







# वडा कार्यालय भवन


अन्नपूर्ण गाउँपालिका
७ नं. वडा कार्यालय ह्याँडी, कास्की
गण्डकी प्रदेश नेपाल


अन्नपूर्ण गाउँपालि
नं. १ को कार्यालय

# TOURIST RESCUE CENTER









## निर्माण सम्पन्न बिद्यालय शौचालय



## निर्माण कार्यको गुणस्तर परिक्षण ल्याब सामाग्री



# एक घर एक धारा कार्यक्रम
# वडा नं १० घान्द्रुक









# शितलगुफा १०८ धारा



# निर्माण सम्पन्न नागडाडा भ्यू टावर



# निर्माण सम्पन्न सिंचाई आयोजना वडा नं ९



पुरातात्विक सम्पदा निर्माणमा पुरानो कलात्मक आकृति प्रयोग
कालिका मन्दिर

निर्माणाधिन भवन







# गाउँपालिका गौरबका आयोजनाहरु

## १५ शैयाको अस्पताल








# भूमे स्थान बहुउद्देशियय पार्क





# बृहत अन्नपूर्ण  लान्द्रुक खानेपानी आयोजना

४३ करोड लागत अनुमान भएको यो आयोजनाबाट अन्नपूर्ण गा.पा. का वडा न. १ देखि ७ सम्मका ...घरधुरी लाभान्वित हुनेछन् ।

फिल्ड अनुगमनका क्रममा  खानेपानी तथा सिचाइ बिभागका डी.ई लाई योजना स्थलको बारेमा जानकारी गराउदै अध्यक्ष ज्यू



आयोजनाको मुहान क्षेत्र



# खण्ड (घ)

## वन वातावरण तथा बिपत ब्यबस्थापन

अन्नपूर्ण गाउँपालिका

# क्षेत्रगत बजेट तथा खर्च

| सि. न. | क्षेत्र तथा उप क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | वन बातावरण तथा विपद व्यवस्थापन | ७२ लाख | ६५ लाख | ९०.२७ |
| जम्मा | | ७२ लाख | ६५ लाख | ९०.२७ |

# वन वातावरण तथा बिपत ब्यबस्थापनका मुख्य उपलब्धिहरु

- पहिरो नियन्त्रणका लागि ग्याबिन जाली वितरण
- बाढी पहिरोले अबरुद्ध सडक सरसफाई
- वृक्षारोपण कार्यक्रम ( धार्मिक सांस्कृतिक महत्वका लागि 200/200 बर पिपल रोपण गरिएको)
- पोखरी तथा चौतारी निर्माण
- पुराना ढुंगे धारा, पानी घट्ट संरक्षण

# वन वातावरण तथा बिपत ब्यबस्थापन सम्बन्धि झलकहरु

वृक्षारोपण कार्यक्रम

पहिरो नियन्त्रण कार्यक्रम






# चौतारी तथा पोखरी संरक्षण कार्यक्रम





# खण्ड (ङ )

## शुसासन,संस्थागत बिकास तथा सेवा प्रवाह

अन्नपूर्ण गाउँपालिका

# क्षेत्रगत बजेट तथा खर्च

| सि. न. | क्षेत्र तथा उप क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | सुशासन,संस्थागत विकास तथा सेवा प्रवाह | १ करोड ७० लाख | १ करोड ३ लाख | ६०.८ |
| जम्मा | | १ करोड ७० लाख | १ करोड ३ लाख | ६०.८ |

# सुशासन,संस्थागत विकास तथा सेवा प्रवाहका मुख्य उपलब्धिहरु

- आ.ब. २०७७/०७८ को सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको
- आगामी आ.ब. को बजेट तयारीको लागि बिषयगत समितिमा छलफल गर्ने गरिएको
- अपांग परिचय पत्र नविकरण,वितरण तथा प्रभाबकारिताको लागि अनुगमन
- साबिकका घटना दर्ता किताबमा रहेका ३७००० तथ्यांकहरुको डिजीटाइजेसन कार्य सम्पन्न गरिएको
- गाउँपालिकाबाट वितरण हुने सामाजिक सुरक्षा भत्ता FORWARD FEED/REVERSE FEED प्रणाली मार्फत वितरणको तयारी गरिएको
- सबै वडामा इन्टरनेट जडान गरि विद्युतीय माध्यमबाट सूचना आदान प्रदान गर्ने गरिएको
- गाउँपालिकाको वेबसाइट तथा अन्य सूचना प्रणालीको IT Security Audit सम्पन्न
- योजना अनुगमन प्रभाबकारी बनाउन तथा सम्पूर्ण वडाका योजनाहरुको प्रगतिको अबस्था tracking को लागि Infrastructure Management System निर्माणक्रममा रहेको
- सहकारीहरुको तथ्यांक ब्यबस्थापनको लागि सबै सहकारीहरुलाई तालिम प्रदान गरि COPOMIS प्रणाली लागु गरिएको

# शुसासन,संस्थागत बिकास तथा सेवा प्रवाह सम्बन्धि  झलकहरु

## सार्वजनिक सुनुवाई कार्यक्रम





# बिषयगत समिति छलफल कार्यक्रम





## व्यक्तिगत घटना दर्ता किताब डिजीटाइजेसन कार्यक्रम

### सहकारी संस्थालाई सहकारी ब्यबस्थापन प्रणाली (COPOMIS) तालिम





# न्यायिक समिति

| उजुरीको प्रकृति | उजुरी संख्या | फर्छ्यौट संख्या |
|---|---|---|
| लाउन खान नदिएको | १ | |
| पारिवारिक बिबाद | १ | १ |
| जग्गा भोग चलन सम्बन्धि | २ | १ |
| साँध सिमाना सम्बन्धि | ४ | २ |
| कुल जम्मा | ८ | ४ |

# भौतिक तथा वित्तीय  प्रगति

| सि.न. | शिर्षक | प्रतिशत |
|---|---|---|
| १ | वित्तिय  प्रगति | ७९.०६ |
| २ | भौतिक  प्रगति | ८५ |

# सामाजिक सुरक्षा भत्ता वितरणको अवस्था

| लाभाग्राहीको प्रकार | संख्या | भत्ता रकम |
|---|---|---|
| जेष्ठ नागरिक(७० बर्ष भन्दा माथि) | २२०८ | कुल रकम १० करोड ९० लाख |
| जेष्ठ नागरिक दलित | ४७३ | |
| जेष्ठ नागरिक एकल महिला | ३५५ | |
| बिधवा | ४१० | |
| अपांगता क | ११० | |
| अपांगता ख | १७२ | |
| दलित बालबालिका | ७०० | |
| कुल जम्मा लाभग्राही | ४४२८ | |






# घटना दर्ता विवरण

| | | |
|---|---|---|
| **जन्मदर्ता** | महिला-१७३,पुरुष -२१६ | ३८९ |
| मृत्यु दर्ता | महिला-७२,पुरुष-८७ | १५९ |
| बसाईसराई | गएको-६०,आएको-४२ | १०२ |
| बिबाह | | ९८ |
| सम्बन्ध बिच्छेद | | १० |
| **जम्मा घटना दर्ता दर्ता** | | **१०२२ जना** |

# चालु आ.ब. ०७८/०७९ बजेट विवरण

| | संघीय | सरकार | प्रदेश | सरकार |
|---|---|---|---|---|
| | प्रस्तावित आय | प्रस्तावित व्यय | प्रस्तावित आय | प्रस्तावित व्यय |
| समानिकरण अनुदान | १० करोड ५७ लाख | १० करोड ५७ लाख | १ करोड १९ लाख ६० हजार | १ करोड १९ लाख ६० हजार |
| शसर्त अनुदान चालु | २८ करोड ५८ लाख | २८ करोड ५८ लाख | - | - |
| समपुरक अनुदान चालु | २ करोड ८ लाख | २ करोड ८ लाख | | |
| बिशेष अनुदान | ८७ लाख | ८७ लाख | १ करोड | १ करोड |
| राजश्व बांडफांड | ८ करोड ७० लाख ८४ हजार | ८ करोड ७० लाख ८४ हजार | ५२ लाख ७८ हजार | ५२ लाख ७८ हजार |

**कुल जम्मा बजेट ७५ करोड २५ लाख**

# बिषयगत क्षेत्र अनुसार बजेट(चालु आ.ब. २०७८/०७९)

| बिषयगत क्षेत्र | बजेट विवरण | प्रतिशत |
|---|---|---|
| आर्थिक बिकास | ४ करोड ४ लाख | ५.३६ |
| सामाजिक बिकास | ४५ करोड ७३ लाख | ६०.७८ |
| पूर्वाधार बिकास | १६ करोड ९६ लाख २२ हजार | २२.५४ |
| वन वातावरण तथा बिपत ब्यबस्थापन | ६३ लाख | ०.८४ |
| शुसासन,संस्थागत बिकास तथा सेवा प्रवाह | १ करोड ८ लाख | १.४४ |

# पत्रपत्रिकामा अन्नपूर्णका गतिबिधि

## कुरिलोका बिरुवा उत्पादन गर्दै गाउँपालिका



## काँडेका ४७ घरमा धारा



**समाधान संवाददाता**
पोखरा, ४ असोज

अन्नपूर्ण ३ को काँडे बजारका सबै घरमा खानेपानीका धारा जडान गरिएको छ । यहाँका ४७ घरधुरीमा धारा निर्माण गरिएको हो । गाउँपालिका अध्यक्ष युवराज कुँवरले शनिबार धाराको उद्घाटन गरे । अध्यक्ष कुँवरले पानीलाई जीविकोपार्जनसँग जोड्नुपर्ने भन्दै उपभोक्ता समितिको सक्रियताको प्रशंसा गरे । उनले काँडेवासीलाई सरसफाइमा विशेष चनाखो रहन आग्रह गरे ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत शेषकान्त पौडेलले खानेपानीको दिगो व्यवस्थापनका लागि गाउँबासी लाग्नुपर्ने बताए । उनले छोटो समयमा योजना सम्पन्न गरेकोमा निर्माण समितिलाई धन्यवाद दिए । वडाध्यक्ष चन्द्रबहादुर गुरुङले पानीलाई अर्थोपार्जनसँग जोड्नुपर्ने विचार राखे । अब वडाका करिब ३ सय घरधुरीमा धारा निर्माण गर्न बाँकी रहेको उनको भनाइ छ ।

कार्यक्रममा उपभोक्ता समिति सदस्य गुरुदत्त भारतीले काँडेमा खानेपानीको अवस्थाबारे प्रकाश पारेका थिए । कोषाध्यक्ष धीरबहादुर गुरुङले गाउँपालिकाको अनुदान, स्थानीय काँडे बराह आमा समूह र प्रत्येक घरधुरीबाट ७ हजारका दरले रकम संकलन गरी योजनालाई पूर्णता दिइएको बताए ।

उपभोक्ता समिति अध्यक्ष राजु गुरुङ, सदस्य केशवकुमार बिजुक्छे, काँडे बराह आमा समूहका उपाध्यक्ष अम्बिका गुरुङ लगायतले बोलेका थिए ।

# पत्रपत्रिकामा अन्नपूर्णका गतिबिधि

## अन्नपूर्णमा जस्तापाता वितरण

*आदर्श समाज*
हेमजा

अन्नपूर्ण गाउँपालिकाले विपन्न तथा आर्थिक अवस्था कमजोर भएका वडावासीलाई बुधवार जस्तापाता वितरण गरेको छ। गाउँपालिकाले गाउँसभाबाट स्वीकृत नीति कार्यक्रम अनुसार जस्तापाता वितरण गरेको हो।

जस अनुसार प्रत्येक वडाबाट ५ जनाका दरले ११ वडाका कुल ५५ वडावासी लाभान्वित भएका छन्। उनीहरु प्रत्येकलाई ९ फुट लम्बाइका १६ वटाका दरले रंगीन जस्तापाता दिइएको छ। गाउँपालिका अध्यक्ष युवराज कुँवरले पूर्ण सहुलियतमा जस्तापाता वितरण गरिएको जानकारी दिँदै सहयोगको सदुपयोग गर्न सुझाव दिए। उनले गाउँपालिकाको सगुनका रुपमा जस्तापातालाई लिन आग्रह गर्दै खुसी मनले स्वीकार गर्न अनुरोध पनि गरे। आफूले सामाजिक काम गर्दा कहिल्यै पनि राजनीति तथा जात नहेरेको कुँवरको दाबी थियो।

अन्नपूर्ण १ का अध्यक्ष भरतजंग कुँवरले निर्वाचनको बेला गरेको प्रतिबद्धता अनुसार नै आफूहरुले जस्तापाता वितरण गरेको बताए। सहयोगसँगै गरीब जनता लाभान्वित भएको भन्दै वडाध्यक्ष कुँवरले ५ वर्षसम्म गाउँपालिकाले जनपक्षीय कार्य गर्दै जाने उल्लेख गरे।

अन्नपूर्ण २ का अध्यक्ष चूडामणि अधिकारीले सहयोगसँगै असुरक्षित बास भएका गाउँपालिकावासीको बास सुरक्षित हुने विश्वास लिए। उनले सहयोगको उचित प्रयोग गर्न सुझाव दिँदै त्यसको अनुगमन पनि गरिने बताए। अन्य स्थानीय तहले पनि यस कार्यक्रमको सिको गर्नुपर्ने उनको तर्क थियो।

अन्नपूर्ण २ का अध्यक्ष अधिकारीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा १ का अध्यक्ष कुँवरले स्वागत तथा गाउँपालिकाका खरिदार शिव पौडेलले संचालन गरेका थिए।



अन्नपूर्ण गाउँपालिकामा जस्तापाता वितरण गरिँदै।
तस्वीर : श्रीभद्र पौडेल/आदर्श समाज

### वास्तविक सुकुम्वासी हुँ : अध्यक्ष कुँवर

अन्नपूर्ण गाउँपालिका अध्यक्ष युवराज कुँवरले आफू वास्तविक सुकुम्वासी भएको बताएका छन्। जस्तापाता वितरण कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष कुँवरले त्यस्तो खुलाएका हुन्।

'बस्नका लागि न मेरो घर छ, न सम्पत्ति नै,' उनले भने, 'जस्तापाता मैले पनि लैजानुपर्थ्यो तर पदीय हैसियतले लैजान नमिल्ने रैछ।'

पछि आफूले पनि लान पाउने आशामा यो कार्यक्रम शुरु गरेको तीतो अनुभव उनले सुनाए।

'गाउँपालिका अध्यक्ष बनेपछि इज्जत जोगाउन भएपनि एक सरो राम्रो लुगा व्यवस्थापन गरी लगाउने गरेको छु,' उनले भनेका छन्। सामाजिक काममा आफूले कहिल्यै जात र राजनीति नहेरेको दाबी उनले गरेका छन्।

---

२०७६ कार्तिक २९ गते शुक्रबार

## ग्रामीण सडक उद्घाटन



ढिकुरपोखरीस्थित बोर्डिङदेखि गाउँपालिका जोड्ने सडक उद्घाटन समारोहका अतिथि।
*तस्वीर: श्रीभद्र पौडेल/आदर्श समाज*

*आदर्श समाज*
हेमजा

अन्नपूर्ण गाउँपालिका-२, ढिकुरपोखरीस्थित बोर्डिङदेखि गाउँपालिका जोड्ने (पोखरा गैरागाउँस्थित) ग्रामीण सडक बिहीवार उद्घाटन गरिएको छ। सडक निर्माणसँगै त्यहाँका कुल ६५ घरधुरी प्रत्यक्ष लाभान्वित भएका छन्।

सडक उद्घाटन गर्दै गाउँपालिका अध्यक्ष युवराज कुँवरले अन्नपूर्ण गाउँपालिकामा विकास गर्न अर्थ पक्षले नरोक्ने दाबी गर्दै उपभोक्ता जागरुप भए विकासले फड्को मार्ने बताए। उनले उक्त सडकमा ... पनि गाउँपालिका सहयोग गर्न तयार रहेको जनाए।

वडाध्यक्ष चूडामणि अधिकारीले उपभोक्ता मिले समयमै कार्य सम्पन्न हुने भनाइ राख्दै अन्य उपभोक्ता समूहले पनि सो समूहबाट पाठ सिक्नुपर्ने धारणा राखे। वडावासीको चासो भएमात्रै समग्र वडाको विकास सम्भव रहेको उनको भनाइ थियो।

निर्माण समितिका अध्यक्ष यमप्रसाद भण्डारीले सबैको सहयोगबाट बाटो पूरा गरिएको जनाउँदै सरोकारवालाप्रति आभार प्रकट गरे। कार्यक्रममा उपभोक्ता विष्णु भट्टराई, मर्निङस्टार माविका ... अधिकारीले पनि सडकको उपयोगिताबारे विचार राखेका थिए।

गाउँपालिकाको आर्थिक सहयोग, उपभोक्ताको श्रमदान तथा आर्थिक संकलनबाट कुल २ सय ६३ मिटर लामो र ५ मिटर चौडाइको ढलान बाटो निर्माण गरिएको हो। जसका लागि कुल २७ लाख २० हजार ६ सय ८२ खर्च लागेको निर्माण समितिका कोषाध्यक्ष चुनुमाया अधिकारीले जानकारी दिइन्।

निर्माण समिति अध्यक्ष भण्डारीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा सदस्य माया अधिकारीले स्वागत तथा सचिव गणेश परियारले

# पत्रपत्रिकामा अन्नपूर्णका गतिबिधि

www.eAdarsha.com
आदर्शसमाज ३

## पदमार्ग र खानेपानी प्राथमिकतामा : अध्यक्ष कुँवर



■ *आदर्श समाज*

**हेमजा, २२ फागुन**

अन्नपूर्ण गाउँपालिका अध्यक्ष युवराज कुँवरले गाउँपालिकाले पदमार्ग र एक घर, एक धारा निर्माणलाई प्राथमिकता दिएको बताएका छन् ।अन्नपूर्ण ३ स्थित काँडे, अष्ट्रेलियन क्याप, प्रितम देउराली सिढी बाटो तथा काँडे नयाँबजार र गोलडाँडा एक घर एक धारा आयोजनाको शनिवार उद्‌घाटन गर्दै उनले सो कुरा बताएका हुन्।

गाउँपालिका पर्यटकीय सम्भावनायुक्त रहेको भन्दै कुँवरले अधिकांश पर्यटकले पदमार्ग रुचाउने पनि स्पष्ट पारे। वडाध्यक्ष चन्द्रबहादुर गुरुङले वडाका करिब ८० प्रतिशत घरधुरीमा एक घर एक धारा सम्पन्न भइसकेको बताए। उनले अब चाँडै नै बाँकी योजना सुरु गरिने जानकारी दिए।

अन्नपूर्ण ५ का वडाध्यक्ष जीवनाथ पौडेलले संवेदनशील विषय खानेपानीमा गाउँपालिका चनाखो रहेको बताए । आफूहरुको चारवर्षे कार्यकालमा धेरै महत्वपूर्ण कार्य गरेको उनको दाबी छ।

अन्नपूर्ण ६ का वडाध्यक्ष चित्रबहादुर गुरुङले अन्नपूर्ण ३ मा जस्तै आफ्नो वडामा पनि खानेपानी अभियानलाई तीव्र पारेको स्पष्ट पारे ।

पदमार्ग निर्माण समिति अध्यक्ष विकास गुरुङले सबैको सहयोगका कारण मार्ग निर्माणले पूर्णता पाएको धारणा राखे । कार्यक्रममा माछापोखरी टोल विकास संस्थाका अध्यक्ष नीमा गुरुङ, नयाँबजार खानेपानी समिति अध्यक्ष शान्ति गुरुङ, पदमार्गका सचिव युवराज गुरुङ लगायतले बोलेका थिए। संघीय सरकार तथा गाउँपालिकाको आर्थिक सहयोग र जनसहभागितामा ती योजना सम्पन्न गरिएका हुन् ।

जसअनुसार संघीय सरकारको ३३ लाखको लागत र जनसहभागितामा ८ सय मिटर पदमार्ग निर्माण गरियो । गाउँपालिकाको १० लाख अनुदान तथा जनश्रमदानमा गोलडाँडामा ४० र काँडे नयाँबजारमा १८ धारा निर्माण गरेको हो।

## अन्नपूर्णमा कोरोना रोकथाम प्रयास

*समाज*

९ वैशाख

उँपालिकाले पछिल्लो पटक
ाइरस रोकथामका लागि
पारेको छ । यही वैशाख
एको ५० जनाको पिसिआर
२४ जनाको नतिजा पोजेटिभ
ोरोना रोकथाम प्रयासलाई
बनाइएको हो ।
सार बुधबार अन्नपूर्ण ५
ाङ गाउँका २१ संक्रमितको
ीहरुलाई आत्मबल बढाउन
एको छ । त्यस्तै भिटामिन
डी तथा मास्क पनि वितरण
ाउँपालिका अध्यक्ष युवराज
ाकारी दिए। त्यस्तै सो गाउँमा
सिङ पनि गरिएको छ। जसका
बिहीबार नयाँपुलमा स्वाब
दै छ।
गाउँपालिकाभर ३५ सक्रिय
न् । जसअनुसार वडा नं.५
ा बढी २१ जना, त्यस्तै १
२ मा ६ जना, ३ मा ३ जना
जना छन् । उनीहरु सबैको



होम आइसोलेसनमा उपचार भइरहेको गाउँपालिकाका स्वास्थ्य संयोजक ऋषिराम पौडेलले जानकारी दिए।

यसैबीच गाउँपालिकाले कोरोना प्रभाव समुदाय स्तरमै फैलन लागेको भन्दै त्यसको रोकथामका लागि बिहीबारदेखि गाउँपालिका र मातहातका कार्यालयबाट प्रदान गरिने अत्यावश्यकबाहेकमा अन्य सम्पूर्ण सेवाहरु बन्द गरेको जनाएको छ । जसमार्फत संक्रमण नबढ्ने गाउँपालिकाको विश्वास छ। स्वास्थ्य र अत्यावश्यक सेवालाई भने उच्च महत्व

दिइने भनिएको छ। त्यस्तै ग
१ हप्ताको अन्तरालमा
नयाँपुल क्षेत्रलाई लक्षित
परीक्षणको व्यवस्था पनि मि
जुन पहिले १० दिनको अ
आएको थियो।
त्यस्तै पालिकाले हाले
कोभिड अस्पताल पनि स्
छ। जहाँ २४ सै घन्टा स्वास
प्रबन्ध मिलाइएको छ। त्यस
लगायतका थप साधनस्रोत
पहल भइरहेको छ।

# पत्रपत्रिकामा अन्नपूर्णका गतिबिधि

## अन्नपूर्णमा आलुको बीउ वितरण




*आदर्श समाज*
हेमजा

अन्नपूर्ण गाउँपालिका कृषि शाखाले गाउँपालिकाका व्यावसायिक किसान तथा संघसंस्थालाई ५० प्रतिशत अनुदानमा आलुको बीउ वितरण गरेको छ।

प्रमुख अतिथि गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत शोषकान्त पौडेलले व्यावसायिक कृषि कार्यमा जोड दिए। उनले कृषि जन्य उत्पादनको आयात घटाउँदै निर्यात बढाउनुपर्ने भन्दै कृषि कर्मबाटै नेपाली आत्मनिर्भर बन्ने भनाइ राखे। पौडेलले विषादी प्रयोग हुने कारण आलुको बीउ नखान किसानलाई सुझाव दिए।

त्यस अवसरमा कृषि शाखा प्रमुख शशी सिंहले आलु लगाउने तरिका, लाग्ने रोग, भण्डारण तथा बीउ प्रयोग बारेंमा जानकारी दिए।

वडा २ का अध्यक्ष चूडामणि अधिकारीले आगामी वर्ष किसानले हाल बाँडिएको आलुबाटै बीउ उत्पादन गरी बिक्री वितरण गर्नुपर्ने खाँचो औल्याए।

कार्यक्रममा लेखा अधिकृत सरिता गौतम तथा शिक्षा अधिकृत बलराम भुगाईंले पनि कृषिको महत्व बारेमा प्रकाश पारेका थिए।

शाखाले जनकदेव तथा एमएस ४२ जातको झण्डै १० हजार किलोग्राम बीउ वितरण गरेको हो ।त्यस्तै दोस्रो चरणमा पनि वितरण गर्ने जनाइएको छ। केन्द्रीय बीउविजन प्रगोगशालाबाट परीक्षण गरिएको उक्त आलु प्रतिकेजी ३० रुपैयाँका दरले किसानलाई बाँडिएको हो। जसको बजार मूल्य प्रतिकेजी ६० पर्ने जनाइएको छ।

उक्त बीउमा रोग प्रतिरोधात्मक क्षमता बढी हुने तथा उम्रने शक्ति पनि अधिक रहने प्रशासकिय अधिकृत शोषकान्त पौडेलले बताए। गाउँपालिकाले कार्यक्रमबाट कुल ४ सय ५० किसान लाभान्वित हुने अपेक्षा गरेको छ। अन्नपूर्ण २ का वडाध्यक्ष अधिकारीको अध्यक्षतामा संचालित उक्त कार्यक्रम पशु सेवा शाखाका प्राविधिक सहायक ऋषिराम दाहालले संचालन गरेका थिए।

## अन्नपूर्णका ४ वडामा राष्ट्रिय प्रसारणको विद्युत्



*आदर्श समाज*
घान्द्रुक, २५ साउन

मेसिनमार्फत काठको काम गर्दै गर्दा कयौं पटक पावर नपुगी हैरानी व्यहोर्दै आएका घान्द्रुक कोटगाउँका राजमान परियार राष्ट्रिय प्रसारणको विद्युत् गाउँमा पुग्न लागेकोमा औधी खुसी छन्।

पावर कम हुनाले काठ मेसिन सञ्चालनका अलावा कतिपय अवस्थामा राइसकुकरमा भात पकाउँदा, पानी तताउँदा, फ्रिज चलाउँदा, टिभी हेर्दासमेत राजमानको परिवारलाई समस्या पर्दै आइरहेको छ। गाउँमा साना २ वटा जलविद्युत आयोजना छन्। त्यसमार्फत् उत्पादित बिजुलीलाई घान्द्रुकको मुख्य गाउँका अलावा हुदी र व्यासीतिर पनि वितरण गरिएको छ। धेरै ठाउँमा वितरण गर्दा प्रयोगकर्ताले मन फुकाएर विद्युत् प्रयोग गर्न पाएका थिएनन्। 'अब राष्ट्रिय प्रसारणको बिजुली आएपछि भने मन फुकाएर प्रयोग गर्न पाइन्छ होला,' राजमानले भने।

'सुरुका वर्षहरुमा प्रतिघर १ सय वाट क्षमता बिजुलीमात्रै पाइन्थो। जसबापत मासिक १ सय ५० रुपैयाँ तिर्नु पर्दथ्यो। त्यसपछि केही वर्षको अन्तरालमा गाउँहरु मिली पुनः एउटा लघु जलविद्युत् निर्माणपछि केही वर्ष अलि मन फुकाएर बाल्न पाएको थियो। बस्ती बढ्दै जाँदा पुनः पुरानै प्रयोगको अवस्थामा छौं,' उनले घान्द्रुकको विद्युत् कहानी सुनाउँदै भने।

बाँकी पृष्ठ ४ ▶▶

# स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन(LISA)

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन
Local Government Institutional Capacity Self-Assessment (LISA)

नक्सा स्थिति रिपोर्ट सपोर्ट कार्यविधि लगइन

## अन्नपूर्ण गाउँपालिका

0 100

### जम्मा प्राप्ताङ्क

८०.२५%
औसत

| | |
|---|---|
| समग्र स्थिति | ८४.५२% |
| प्रक्रियागत स्थिति | ७५.००% |
| परिमाणात्मक स्थिति | ८२.२२% |

### नक्सा

# स्व-मूल्याङ्कन विषयक्षेत्रहरु

| | स्कोर प्रतिशत |
|---|---|
| शासकीय प्रवन्ध | ८३.३३% |
| संगठन तथा प्रशासन | ९०.६३% |
| वार्षिक बजेट तथा योजना व्यवस्थापन | ८८.६४% |
| वित्तीय एवम् आर्थिक व्यवस्थापन | ८१.८२% |
| सामाजिक समावेशीकरण | ८५% |
| सेवा प्रवाह | ७९.६९% |
| न्यायिक कार्य सम्पादन | ८५.७१% |
| भौतिक पूर्वाधार | ५७.६९% |
| वातावरण संरक्षण तथा विपद व्यवस्थापन | ६६.६७% |
| सहकार्य र समन्वय | १००% |






# केही जिज्ञासा ?

# धन्यबाद ☺

# खाना नफालौं